वर्ष २१/ पूर्णाङ्क ४८/ माघ २०६४

(मासिक)

दायित्व

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८९४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४२०६१०

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

विशेष सहयोगी
केशवराज पन्त
फोन नं. ४-४६४९८६

सहयोगी
विष्णु ज्वाली
विज्ञान पन्त

कार्यालय
घ-२७२/७८, बाबरमहल-७
काठमाडौं
फोन ४-४७४९८३
पो. ब. नं. ९७६६, काठमाडौं

आवरण सज्जा
रानेश मानन्धर
(फो. पो. फोटो -पृष्ठ भरण)

सहयोग
संस्थागत रु. ५०/-
व्यक्तिगत रु. २५/-

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
e-mail: dayitwa@hotmail.com

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल: केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	९८४१४९८१७	बालकृष्ण शर्मा	सदस्य	९८४१४२८०७
ठाकुर शर्मा	उपाध्यक्ष	९८४१२४६३१	भागवत ढकाल	सदस्य	९८४१२७२२६
यादव भट्टराई	महासचिव	९८४१२६९००९	देवी नेपाले	सदस्य	९८४१४४४१४२
केशवराज पन्त	सचिव	९८४१४५८६६	ममता शर्मा नेपाल	सदस्य	९८४१३७०४१२
रामप्रसाद ज्वाली	कोषाध्यक्ष	९८४१२९८३१४	अनिल कोइराला	सदस्य	९८४१४५०४४३
अर्जुन विरक्त	सदस्य	९८४१०६३४७६	जयवेकबुद्ध बैद्य	सदस्य	९८४१०६६२६८
माधव घिमिरे	सदस्य	४४३१२७०	देवतीरमण पौड्यरल	सदस्य	९८४१२६९००८

दायित्व

(साहित्यिक मासिक

विषय- सूची

सूचना	पेज नं.	लेखक
कथा /लघुकथा		
न्हा	१३	अंगिरा बनेपाली
अपराधी	१४	कलाधर काफले
जीवनको मोडमा	२९	रुकु खाकी
मेरो अतित	३१	यश शर्मा
मोक्ष	४५	कुन्दनकुमार पन्त
अर्थहीन परिवर्तन	५७	राजुराम मुलकर्मी
लेख/निबन्ध		
भूमिका: एक परिचयात्मक टिप्पणी	१	डा.दुर्गाप्रसाद अर्याल
मृत्युले अमरत्व मार्ग सर्लन	८	काशीराज आचार्य
नारी - पुरुष सम्बन्धः विग्रह,कारण र समाधान	२१	प्रकाशमणि ढकाल
मेरो मोबाइल	२७	चूडामणि खनाल
लघुकथा: परिचय, विकासक्रम र	५८	देवेन्द्र अर्याल 'आँसु'
पात्रसंस्मरण		
थिसो दिनमा तातो सम्झना	१६	श्रीजीम श्रेष्ठ 'रोदन'
गाइलको उद्गम र कम्मलाको रमकम	३६	रामप्रसाद पन्त
मन त मेरो नेपाली हो	४६	राजनविकम थापा
समीक्षा/समालोचना		
आफ्नै कृति : आफ्नै समीक्षा	६	भरतराज पन्त
'भूमिगत' मा भूमिगत हुँदा	१०	माधव घिमिरे
डा. योगेन्द्रभक्त श्रेष्ठको धार्मिक पुस्तक....	११	मुक्तिनाथ शर्मा
दुई कवि : केही भावनात्मक दृष्टि	१८	ठाकुर शर्मा
एउटा साहित्यिक सैलाब : हरि मञ्जुश्री	३४	टिपी शर्मा तिमल्सिना
घाउनाथि घाउ : सर्सोदि हेर्दा	४१	शिखर आरोहण
सुजनाका तीन फूल	४३	यादव भट्टराई
प्रेरणा मझालाख्यभिक्षका गोविन्दको प्रेरणा	४९	वि.के पाल्पाली
आमाभरि रमिता मनभरि वेदना.....	५४	युवराज मैनाली
कविता/गीत/गजल/मुक्तक/हाइकु		

मुसारी पराजुली - ७ /निशानी- ९/कृष्ण कुसुम-१५/'अविरल' इन्द्रावती राई- १५/
पीताम्बरा उपाध्याय 'पियुष' - २० / शङ्कर सुवेदी - २२ /अरुणराज पर्पालिया - ३५/
शिव अपरिचित -४२ /बालुदेव मुरागाई- ४२/ मनु ज्ञवाली - ४५/ अज्ञात युवक - ४९/
हेमन्तप्रसाद ढकाल- ५०/भाग्यशाली अधिकारी - ५०/रामविक्रम थापा -५३/उमा मिश्र - ५३/
मधुरोदन भट्टराई - ५३/ जीवनधानी -५३/ हरि कटुवाल - ५६/ विदीप्त रमेश -५७

कृति परिचर्चा

ठाकुर/अमर/राज्ञ - २१/अरुण - ६४

सम्पादकीय.....

- साहित्यिक पत्रकारिताको माउसंस्था विद्यमान भएर पनि भएको आभास नभइरहेको अवस्थामा नेपाल साहित्यिक पत्रकार सङ्घको जन्म भएको छ । गत जेष्ठ महिनाको सुरुमा भएको प्रथम साधारण सभामार्फत् यसमा औपचारिक मान्यता हासिल गरी बृहत् आकारको कार्यसमिति पनि गठन भएको छ ।

- देशभर छरिएर रहेका साहित्यिक पत्रकारहरूलाई समेटेर सँजाने हेतुले आधार ठूलो बनाइनु सङ्घको बाध्यता पनि रह्यो । तर पनि विभिन्न स्रोत साधन र समयाभावका कारण आमूल साहित्यिक पत्रकारहरू आबद्ध हुन नसकेको परिप्रेक्ष्यमा सङ्घको उद्देश्यअनुरूप सम्पूर्ण साहित्यिक पत्रकारहरूलाई गोलबद्ध गरी निर्देशित लक्ष्यमा पुग्ने सङ्घले अठोट लिएको छ ।

- चार दशक लामो साहित्यिक पत्रकारिताको इतिहास बनेका शीर्षक धिमिरेले सङ्घको अध्यक्षता ग्रहण गर्नुले सङ्घले नयाँ दिशा लिन सक्नेछ भन्ने आशा र भरोसा साहित्यिक पत्रकार जगत्ले लिएको छ । वर्तमान अवस्थामा साहित्यिक पत्रकारहरूका टड्कारा समस्याहरू धुप्रै छन्, ती सबै पूर्ण गर्नुपर्ने एउटा चुनौती र आवश्यता पनि छ । तर साहित्यिक शिष्टता र मर्यादामाथि नाघ्न नसक्ने साहित्यिक पत्रकारहरूको सौम्य शैलीले मात्र सुनुवाई हौला भन्ने कुरामा दुक्क हुने अवस्था अझै छैन ।

- पत्रकारिताको क्षेत्रमा देशको जेठो संस्था भएर पनि अन्य पत्रकारितासरह वर्गीकरणको व्यवस्था नहुनु, विज्ञापनको व्यवस्था नहुनु, प्रेसपासको व्यवस्था नहुनु, हुलाक सुविधा नहुनु, कागजमा सहुलियत प्राप्त नहुनु र सरकारी सहयोग पनि पर्याप्त र समयमा उपलब्ध हुन नसक्नुजस्ता सौतेला व्यवहारहरू देखाउँदै आएको छ सरकारले ।

- देशमा परिवर्तन ल्याउने काममा साहित्यिक पत्रकारहरू सधैं अगाडि लाग्ने गरेको, तर परिवर्तन भइसकेपछि साहित्यकारहरूलाई ओझेलमा पारेर स्वार्थ लुट्ने गरिएको इतिहास नौलो होइन । यस मानसिकताको अन्त्य गर्न हामी कटिबद्ध भएर लाग्नु पर्दछ ।

- संस्थालाई अगाडि बढ्न र सङ्घको औचित्य कायम गर्नका लागि मन्त्री र उच्चपदस्थ प्रशासनिक कर्मचारीहरूसमक्ष जसरी आवाज उठाइएको छ त्यतिले मात्र सुनुवाइ हौला र नेपाल साहित्यिक पत्रकार सङ्घमाथि सरकारी दृष्टि सकारात्मक बन्ला भन्ने कुरामा हामी दुक्क भइहाल्न सकिँदैन । सङ्घले निर्धारण गरेका जायज मागहरू पुरा गर्न दिशामा हामी कटिबद्ध भएर जुधिरहनु पर्दछ भन्ने हाम्रो अभिमत छ ।

- अन्त्यमा १४२ औं मोतीजयन्ती तथा ९४ औं बीपी जयन्तीको यस अवसरमा नेपाली साहित्यका प्रथम साहित्यिक पत्रकार तथा युवाकवि मोतीराम भट्ट र मनोवैज्ञानिक साहित्यका प्रथम प्रयोक्ता विश्वेश्वरप्रसाद कोइरालाप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

लेख

भूमिका : एक परिचयात्मक टिप्पणी

डा. दुर्गाप्रसाद अर्याल

१. विषय प्रवेश:

जब प्रकाशनको युग शुरु भयो, तब प्रकाशित कृतिका मूल विषयवस्तुका साथै कृतिमा संलग्न अन्य अवान्तर कुराहरू पनि चासो लाग्ने खालका भएर देखापरे। पुस्तकका मूल विषयभन्दा फरक देखिने तर उहीकै चाखलाग्दा र महत्वपूर्ण त्यस्ता अवान्तर कुराहरू प्रकाशन, मुद्रक, मिति, मुद्रित ठाउँ, संस्करण, प्रकाशित प्रति, कम्प्युटर, सर्वाधिकार, प्रकाशकीय, सैद्धान्तीय, भूमिका, सैद्धान्तको इतिवृत्त, मूल्य, आवरण पृष्ठमा अङ्कित चित्र, रङ्ग, सीर्षक (कृतिको नाम), विषय, विधा सङ्केत, सैद्धान्तको पोछो, समर्पण, समर्पित व्यक्ति वा संस्थाको नाता, समर्पित व्यक्तिको चित्र, नाताका चित्र र बाहिरी भागमा उल्लेख गरेका आदि पर्दछन्। कृतिगत मूल विषय बाहेकका यस्ता कुराहरूको पनि ऐतिहासिक र सामाजिक महत्व उहीकै देखिन्छ। जब सैद्धान्ते आफ्ना भावना, तर्क, धारणा, चिन्तन र चेतनालाई प्रकाशनमा ल्याउँछ तब प्रकाशित कृति सार्वजनिक, ऐतिहासिक र बहुदेशीय भएर देखापर्दछ। भूमिका कुनै पनि प्रकाशित कृतिका वरपरभागमा सम्बद्ध भएको विशिष्ट र स्वतन्त्र पूर्ण आलेख हो। यो मूल विषयवर्ण अनि सैद्धान्तवर्ण समेत सम्मिलित कुरा हो। यसले कृतिगत मूल विषयवस्तुका महत्वमाथि प्रकाश पार्नुका साथै कृतिकारका सम्बन्धमा पनि प्रकाश पार्ने चेष्टा गरेको हुन्छ। कृति वा ग्रन्थको विषयवस्तु थर हो भने भूमिका यसका द्वीपको साँघो हो। भूमिका कृतिरूपी शरीरको नाडी हो, जसरी नाडी छामेर शरीरको हालत थाहा पाइन्छ त्यसै गरी भूमिका पढेर विद्वानी कृतिको हालत बुझ सकिन्छ। भूमिका सम्बन्धित कृतिको शिरोभाग वा मुखबुदा हो। जसरी मानवीय मुखबुदाले मानवको शक्ति र स्वभाव अन्दाज गर्न सकिन्छ त्यसै गरी पुस्तकको भूमिकाबाट पनि कृति र कृतिकारका सम्बन्धमा अनुमान गर्न सकिन्छ। भूमिकाको आफ्नै परम्परा र महत्व छ। यो कृतिगत विषयसित र छुट्टै गरी दुई प्रकारले प्रस्तुत भएको देखिन्छ। यसको आफ्नै स्वरूप, सन्दर्भ र संरचना छ। प्रस्तुत टिप्पणी भूमिकाको सैद्धान्तिक धरातल उजाड्ने र त्यसका स्वरूप र संरचनात्मक पद्धति केलाउने साझो प्रयत्न हो।

२. भूमिकाको व्युत्पत्ति:

भूमिका संस्कृत शब्द हो। भूमिका शब्द कसरी कुन अर्थमा निर्वचन भएको छ, त्यसको यथार्थ जानकारी व्युत्पत्तिबाट नै सम्भव हुन्छ। व्युत्पत्तिलाई अङ्ग्रेजीमा Origin, Production, Etymology आदि भनिन्छ। हरेक व्युत्पन्न शब्दको मूल अर्थ अनुरूप नै पारिभाषिक वा सान्दर्भिक अर्थ निर्धारण हुँदै आएको पाइन्छ। भूमिका शब्दले पनि त्यसै परम्परा र प्रवृत्तिलाई अँगालेको छ। भूमि इव अर्थात् पृथ्वी वा जमिनजस्तै भन्ने अर्थमा आधारमा "इमे प्रतिकृतौ" भन्ने भाषिणीय सूत्रले "कन्" प्रत्यय "अजाद्यतष्टाप" भन्ने सूत्रले "टाप" प्रत्यय भएपछि भूमिका शब्दको व्युत्पन्न भाए निर्माण हुन्छ। यसरी बनेको भूमिका शब्दको अर्थ भूमिजस्तै दृढ़तल, पृथ्वीजस्तै, छापीजस्तै भन्ने हुन्छ। अन्यअर्थमा पनि "कन्" प्रत्यय र त्यसपछि "टाप" प्रत्ययका सहयोगले पनि भूमिका शब्द बन्दछ। अर्थ फरक भए व्युत्पन्न भाएका शब्दको समष्टि अर्थमा पनि केही भिन्नता आउँछ। यस्त अर्थमा व्युत्पन्न भएको भूमिकाको अर्थ सीमित वा साधी भूमि भन्ने हुन्छ। अतिरे भूमिका शब्दले कैयक व्युत्पत्तिमूलक अर्थभार अँगालेको पाँन। यसले विस्तृत, पारिभाषिक र सान्दर्भिक अर्थलाई आत्मसात् गर्दै आएको छ। व्युत्पत्ति वा Etymology ले दिने भूमिकाको अर्थ आधुनिक सन्दर्भमा पनि पूर्णतया असान्दर्भिक भने देखिँदैन।

३. भूमिकाको अर्थ:

भूमिकाको शाब्दिक अर्थ जग, आधार, भूमिजस्तै सीमित भूभाग, छुद्र भूमि, ठूलर भूमि र स्थाइ आदि हो। वामन शिवराम आप्टेको "संस्कृत-हिन्दी कोश" अनुसार भूमिका भनेको पृथ्वी, जमिन, माटो, स्थान, प्रदेश, स्थल, जेहानी, सपाटस्थल, प्याज, दर्जा, लेखे तख्ता, नाटकका पात्रको अभिनय र पुस्तकको प्रस्तावना वा परिचय आदि हो। आप्टेले नै संस्कृत-अङ्ग्रेजी कोशमा भूमिकाका लागि Earth, Ground, Soil, A place, Region, Stop (Of Ground), A story, Floor, Step, Degree, Table or Board, Age for writing, A part or character in a

'निर्वासित चराहरू' भूपेन्द्र तिम्सिना र मायामितु न्यौपानेद्वारा लेखिएको संयुक्त गजलसङ्ग्रह हो। यस गजलसङ्ग्रहभित्र भूपेन्द्र तिम्सिनाका २६ वटा र मायामितु न्यौपानेका २६ वटा गजलहरूका साथै संयुक्त दोहोरी जगल समेत २ वटा रहेका छन्।

पचासको दशकबाट दुवैजनाले आफ्ना भावना कविता, मुक्तक, गीत, गजल, नाटकका माध्यमबाट कोर्न थालेका हुन् र उनीहरूको जिन्दगीलाई साहित्यिक यात्राले सधैं हिँडाइरहन उनीहरूले नछलाइकन गरेकी गोरेटी चम्किदो रहेछ आजीवन मेटिने छैन।

यो उनीहरूको पहिलो संयुक्त प्रयास हो पुस्तकाकारका रूपमा। अनि सँगसँगै उनीहरूको खुसी पनि मायामितुसँगै आफ्नो मनाइमा उल्लेख गरेकी छिन्। फरक शैली, मीठा शब्द र जीवनमुखी भावले गास्तबमै 'निर्वासित चराहरू' गहकिलो गजलसङ्ग्रह बन्न सफल भएको छ। साहित्य र सञ्चारका निरन्तर रूपमा क्रियाशील रहेटाइयको यस कृतिले नेपाली गजलाकाशमा ठूलो योगदान पुग्ने विश्वास मैले गरेको छु। भूपेन्द्र तिम्सिनाको एउटा गजलमा भनिएको छ -

भीको ओछ्यान उठ्नलाई घुस्रो जल्न बाँकी नै छ
मनको सँघारमा पौटा दियो बल्न बाँकी नै छ।

साँझिको माको ओछ्यान उठ्नलाई घुस्रो जल्नु बाँकी नै छ मनको सँघारमा पौटा दियो बल्नु बाँकी नै छ भन्ने मेरो मनमा लागेको छ।

मायामितुका गजल पहेरा नारीवादी चस्माले संसारलाई चियाउने प्रवृत्तिको प्रभावकारी स्वरूपमा पाइन्छ। विकृतिलाई गजलद्वारा हटाउने उनको छुट्टै शैली छ। नारी चेतना र जागरणका आवाजहरू नारी र पुरुषलाई समान दृष्टिले हेर्नुपर्छ। मायाका गजल पहेरा यस्ता कुराहरू पाइन्छन्। मायामितुको इजलास शीर्षकको गजलमा भनिएको छ -

नारीको नै सुरक्षा अब्बी छत छैन
उसको आँखामाथि तिम्रो यै इज्जत सैन ॥

जिन्दगीभरको सहयात्री अनि दुवैको सिर्जनाको पाटो एउटै भएकाले दम्पतिको मात्र सम्बन्ध बिनीहरूमा रहँदैन। कृतिको सबालमा सिर्जनाकर्मीको सम्बन्ध प्राथमिक रूपमा ठान्नुपर्छ नै। जीवन जगतलाई आफ्नो बर्कतले भ्याएसम्म गजलका शैरमा उतार्ने उनीहरूको यो प्रयास कृतिगत रूपमा पहिलो भए पनि पछि मेहनत गर्दै गएमा अन्य कृतिहरू पनि निकाल्न सकोउन् र नाम कृतिकारकै चम्किदै जानेछ भन्ने अपेक्षा गरेको छु।

कृति : निर्वासित चराहरू
कृतिकार : भूपेन्द्र तिम्सिना, मायामितु न्यौपाने
प्रकाशन वर्ष : वि.सं.२०६२
प्रति : १००० मूल्य : रु.४०/-
प्रकाशक : मानाञ्जुल साहित्यिक प्रतिष्ठान
मानसरोवर साहित्य समाज

नाङ्ग्रीकै छम नाचिरछन् सधा मदमारीहरू
नाचुन् खल विधाहरू उधोगी उच्च निर्लज्ज
नाचुन् खल विधाहरू उधोगी उच्च निर्लज्ज
नाचुन् खल विधाहरू उधोगी उच्च निर्लज्ज

चिन्ता जीवनभरे शत्रु चिन्ता हो रोगभरे घर
चिन्तामुक्ति छ सन्तोषी सुखी हुन्छ निश्चयनै!

जिन्दगीदेखि तिमी नाच्छौ नाच्दैन दुःख यहाँ पनि
सूर्योदय भएपछि छ अन्धेरोबादलमा पनि !

'मीनामीठा कुरा' बाट

पर्खाल सगाउने वा भत्काउने यस विषयमा बुवा नाटककार भीमसेन सापकोटाको कुनै द्विविधा छैन जस्तो लाग्छ । भीमसेनको यस सङ्ग्रहले महाभारतीय पात्र भीमसेनकै जस्तो प्रतिज्ञा यस किसिम एउटा पर्खाल भत्काइसकेको छ ।

यी नाटक पहेंरो नेपाली ग्रामीण परिवेशलाई यथार्थ रूपमा चित्रण गर्ने प्रयास गरेको छ शैक्षिक स्तरीतिहीन सामाजिक क्षेत्रका हरेक क्रियाहरू एक युग पर छन् । यद्यपि गरिबी, शोषण अनि अन्धविश्वास नयाँ युगसँगै परिवर्तन हुन सकेको देखिँदैन । एकातिर यथार्थता हाम्रो ग्रामीण र शहरिया जीवनमा वास्तविक रूपमा घटेका घटनाहरू अनि अकांतिर आदर्श नाटककारको विशेषता बनेको छ । कविता, कथा, मुक्तक, गीत, गजल लेख्नु साधारण कुरा हो भने नाटकजस्तो गहन विधामा एकैपटक कलम चलाउनु साँच्चिकै काम अवश्य होइन । भीमसेनले भत्किएको पर्खाल नामक पूर्णाङ्की नाटक लेखेर साहित्य क्षेत्रमा ठूलो काम गरेका छन् जस्तो मलाई लाग्छ । कतिपय रीतिरिवाजहरू समय सापेक्ष हुन नसक्दा बसबाट विसङ्गति र विकृति पैदा भई न्याय, समानता र समाजको उन्नतिको लागि पर्खाल बन्न पुग्छ । हो यस्तै पर्खालहरू आजको एक्काइसौं शताब्दीको पर्याय बनिरहेको तीतोसत्य हाम्रा सामु छन् । शासन र राजनीतिमा जे जति परिवर्तन गरिए पनि समाजका विसङ्गतिहरूमा अझै फेरबदल पाइँदैन' । भीमसेन सापकोटाले आफ्नो भनाइमा उल्लेख गरेका छन् ।

कृति : भत्किएको पर्खाल
लेखक : भीमसेन सापकोटा
मूल्य : रु.३०/- पृष्ठ : ६४
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

शुभयात्रा (लघुकथासङ्ग्रह)

अग्नि बनेपालीको 'शुभयात्रा' लघुकथासङ्ग्रह पढेपछि मलाई लाग्यो - कथाकारको यो शुरुको यात्रा नेपाली लघुकथाको फाँटमा साँच्चिकै शुभ लक्षण देखाएर नाम चम्काउन थालिएको यात्रा भएको छ । यस सङ्ग्रहभित्र गुरुदक्षिणा, क्षेत्रफल, अनुभव, विश्वास लगायत विभिन्न शीर्षकका बनेपालीका ४४ वटा लघुकथाहरू रहेका छन् । यसमा रहेका लघुकथा विशेषतः समसामयिक, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक-सांस्कृतिक, साहित्यिक, वैज्ञानिक र समसामयिक विषयसँग सम्बन्धित छन् ।

लघुकथा आफैमा कथातत्वको धर्म निर्वाह गर्ने लघु र गम्भीर अभिव्यक्ति हो । कतै केही घटनाहरू घटेको देख्दा र सुन्दा त्यसलाई लघुकथा बनाएर लेख्ने बानी छ । उनको लघुकथा पढ्दा मन छुने र बानी व्यवहार सुधार्न पाठकहरूले सक्छन् । धर्म र संस्कृतिलाई आडम्बरले बचाएका भए पनि शिक्षाभाव बाहुपर्वमा गरिने अनावश्यक खर्च, भोजभतेर र देखासिकी सर्वसाधारणका लागि सङ्कट बनेका कुराहरू लघुकथामा उतारिएको देखिन्छ । वर्तमान नेपालमा बढेको राजनीतिक तनाव देखेर लघुकथाकार बनेपालीलाई दिक्क लागेर राजनीतिक क्षेत्रप्रति तीव्र विद्रोहको भेल उतारिएको छ ।

मानिस सामाजिक प्राणी भएकोले उसले आफ्नो भोगाई र परिवारको देखेको समस्याबाट पन्छिन गाह्रो पर्छ । त्यसमाथि साहित्यिक सर्जकका लागि त ती सबै घटनाहरू लघुकथा र कथामा उतारेर सिर्जनाको मूल खोल हुन पुगेको देखिन्छ । अग्नि बनेपालीले आफ्नो वरिपरि घटिरहेका घटनाहरू क्रमशः जेलिँदै गएको सामाजिक र आर्थिक, विसङ्गति, कुसंस्कार, राजनीतिक दुर्गन्ध, सामाजिक मान्यता अनि यही परिवेशमा अनेक दुःख सुख भोग्दै बाँच्न पर्ने आजको समयले जो कोहीलाई पनि मर्माहत बनाएकोले लघुकथा लेखनसकनुभएको छ । 'नेताहरू दुर्गन्धित रूपमा पोखरीनाई धमिल्याउन सुरु गर्दिछन्' भनी शिक्षकहरू निराशाहुँदै विधिपिर्ये बसी मान्दैछन्' बनेपालीले सङ्ग्रहमा उल्लेख गर्नुभएको छ ।

भविष्यमा कथाकार बनेपालीले लिखें लघुकथाहरू सँगैर नाम चम्काउन सकोस् भन्ने मैले आशा गरेको छु ।

कृति : शुभयात्रा (लघुकथासङ्ग्रह)
कथाकार : अग्नि बनेपाली
मूल्य : रु.४०/- संस्करण :२०६० जेठ
प्रकाशक : सुमा श्रेष्ठ

play, A Theatrical Dress an actors custom, A Decoration, An of an image, A Preface or introduction to a book आदि अङ्ग्रेजी शब्दहरूको पुनर्लेख गरेका छन् । त्यसैगरी Role foreword जस्ता शब्दहरू पनि भूमिकाका अर्थमा अङ्ग्रेजीमा प्रचलित छन् । अङ्ग्रेजीमा प्रचलित Role ले व्यक्तिका भोगाइ र सङ्घर्षगाथाई सङ्केत गरेको पाइन्छ । मूलतः पुस्तकमा लेखिने भूमिकाका अर्थमा अङ्ग्रेजीमा Preface, Introduction र Foreword जस्ता शब्दहरू नै प्रचलित छन् । संस्कृत-नेपाली बृहत् शब्दकोशमा कर्णीन्द्रप्रसाद पाण्डेयले भूमिका भनेको कुनै ग्रन्थको उद्घाटना लेखिने त्यस्तो लेखमा जसद्वारा त्यो ग्रन्थ हेर्ने तरिकासम्बन्धी ज्ञान हुनसक्छ । भूमिका त्यस्तो आधार पनि हो । जसमा कर्को वस्तु खडा गरिन्छ र नाटकमा कुनै पात्रको वर्णनमय आदि पनि हो भन्ने अर्थ उल्लेख गरेका छन् । संस्कृताका दार्शनिक ग्रन्थकारमा भूमिकाको प्रसङ्ग व्याख्याकारमा आउँछ । ती दार्शनिक ग्रन्थकारमा परब्रह्म परमात्माको यथार्थ ज्ञानका लागि अथवा पात्रगत्वको बोध गर्नका लागि कालनिक यथार्थ र व्यावहारिक यथार्थको पनि महत्वपूर्ण भूमिका हुन्छ भन्ने तात्पर्यलाई भूमिकाको प्रसङ्ग पाएको पाइन्छ । यस्तो दार्शनिक स्तरमा प्रस्तुत भूमिका शब्दको अर्थ माध्यम, आधार, पत्र वा आधार भएको स्पष्ट हुन्छ ।

लेखक अथवा अरू व्यक्तिद्वारा कुनै पनि प्रकाशित पुस्तकको मुखमा प्रस्तावना, आमुख, प्राक्कथन, उपोद्घात आदि शीर्षक दिएर लेखिँदै आएको भूमिकाकै अर्थमा प्रयोग भएका अङ्ग्रेजी Preface, Introduction / Foreword हुन् । अङ्ग्रेजी कोशमा विभिन्न अर्थ दिँदै गएको प्रस्तुत गरिएको पाइन्छ । प्रसिद्ध अङ्ग्रेजी कोश Advanced Learners Dictionary मा Foreword को अर्थ यस्तो छ - "Short introduction to a book printed at the beginning usu written by a person other than the author."

उक्त कोशमा नै प्रस्तुत Preface को अर्थ यस्तो छ - Begin or introduction आदि ।

अङ्ग्रेजीमा Role भनेको पनि भूमिका हो । Role ले पुस्तकको भूमिकासँग सम्बन्ध गराएर नाटकको पात्रको अभिनय र व्यक्तिको खास कार्य सम्पादनको लागि हुने दैन र सम्झौताको अर्थसँग सम्बन्ध राखेको पाइन्छ । मूलतः किताबमा लेखिने भूमिकाको अर्थ लेखक र सैद्धान्तिक पुस्तकमा लिखित विषय र त्यसका गुणलाई सारसङ्क्षेपमा विशिष्ट ढङ्गले पुस्तकाया अवधारणामा प्रस्तुत गर्ने सन्दर्भमा नै आधुनिक भूमिकाको अर्थ निर्धारण भएको पाइन्छ । कृतिका मूल विषयसँग गाँसिएको भूमिका पनि कृति र कृतिकारसँग सम्बन्धित गुणको प्रकाशन गर्ने अर्थमा निर्धारित गरिएको पाइन्छ ।

४. भूमिकाको परिभाषा:

यतिपछ ग्रन्थमा अन्तर्वस्तु प्रस्तुत उपसंहारले पनि भूमिकाको काम गरेको पाइन्छ । यस्ता भूमिकालाई ग्रन्थ ग्रन्थीयद्ध भनिन्छ । शाब्दिक ग्रन्थअनुसार भूमिकाको परिभाषा यसप्रकार दिइएको छ-

"ग्रन्थीयस्य वस्तुनः शास्त्रारोप्य कथनम् भूमिका"

अर्थात् मूल विषयवस्तुका बारेमा भन्नुपर्ने कुराहरूलाई विभिन्न शब्दपद्धा शैलीमा अगाडि वा अन्तै पछाडि पनि सारसङ्क्षेपमा भन्नु नै भूमिकाको परिभाषा वा परिचय हो । भूमिका प्रकाशित ग्रन्थको मूल विषय र लेखकबीच सम्बन्धित स्वरूप पूर्ण विशिष्ट रचना हो । यसमा शब्दरूप भन्ने हो भने कृति र कृतिकारको गौरव बढाउने उद्देश्यले लेखाइएको वा स्वयम् कृतिकारले लेखेको ग्रन्थका प्रारम्भमा अङ्कित सम्बद्ध रचना विशेषलाई आधुनिक भूमिका भन्नु पर्दछ । संस्कृतका कृतिमा निबद्ध भूमिकाको अध्ययन गर्दा संस्कृतका ग्रन्थकारलाई अन्य व्यक्तिबाट भूमिका लेखाउने चलनका नभएको बुझिन्छ । ग्रन्थका मूल विषयसित वा दुई लेखक वा अन्य व्यक्तिबाट पनि भूमिका प्रस्तुत हुँदै आएको पाइन्छ । मूल विषयमा गाँसिएको भूमिका स्वयम् कृतिकारले हुन्छ भने दुई प्रस्तुत भएको भूमिका कृतिकार वा अन्य व्यक्तिको हुन सक्दछ ।

५. भूमिका वर्णका शब्दहरू:

भूमिकाका निम्ति अनेक शब्दहरूको उपयोग र प्रयोग भएको पाइन्छ । भूमिका सम्बन्धी शब्दार्थको प्रयोग गर्ने भूमिकाकार स्वतन्त्र देखिन्छ । भूमिकालाई बुझाउने यस वर्गका केही प्रमुख शब्दहरू यसप्रकार उल्लेख गर्न सकिन्छ ।

उपोद्घात, आमुख, प्रस्तावना, मन्तव्य, दृष्टि, भनिम, सैद्धान्तिय, पुरोवाक्, सम्मति, दुई शब्द, प्राक्कथन, निवेदन, शुभकामना, मेरो भनु इत्यादि ।

भूमिका शब्दका वर्गभित्र भूमिकाकारका आफ्ना स्वतन्त्र उद्गार पनि शीर्षक भएर प्रस्तुत भएका देखिन्छन् । सामान्यतः भूमिका शब्दका अर्थमा परम्परागत रूपमा बहुप्रचलित शब्दहरू, भूमिकाकारले स्वतन्त्रकपमा अपनाएका शब्दहरू, कृतिविषयका शब्दावली र वाक्यहरू, लेखक स्वयम्ले चयन गरेका स्वतन्त्र शब्दहरू गरी चार प्रकारका शब्दवर्गहरूको व्यवहार भएको देखिन्छ ।

१. भूमिकाको स्वरूप र संरचना:

भूमिकामा गुरु गम्भीर भाव र विषयवस्तुलाई संक्षेपमा विद्वतापूर्ण ढङ्गले रोचकताका साथ प्रस्तुत गरएको देखिन्छ। छोटो मीठो र धेरै कुराको सङ्केत गर्ने भूमिका उपयुक्त हुन्छ। कृतिमा निहित विषय र कृतिकारका गुणलाई केलाउदा गरेर कतिपय भूमिका लेखने विद्वान्हरुले विद्वता छटकेको पनि देखिन्छ। यसले गर्दा कृतिगत विषय र भूमिकाका बीच कतै तालमेल भएको पाइदैन। कृतिकार तथा कृतिगत विषयबाट निरपेक्ष भएर भूमिकाको संरचना हुन सक्दैन। भूमिकाकार र पाठक बीच दुवैका लागि प्रेरक विषय पनि हो। कहीं चुकाकका भूमिका पढेर पनि पुस्तक पढ्न उत्प्रेरित हुने पाठक पनि प्रशस्त छन्। त्यसैले भूमिका सङ्कल्प उत्पादनको प्रेरक स्रोत तथा उपरि भूमि पनि हो। यसका दुई प्रकारका स्वरूप देखिन्छन्।

एउटा कृतिका मूल विषय वस्तुसँग सङ्गतिपूर्ण र स्पष्ट क्रमामा प्रस्तुत हुने छन्दोबद्ध अंश हो भने अर्को गद्यका अपभागमा भूमिका सामुख आदि शीर्षकमा पृथक् अस्तित्वका साथ गद्यपद्यात्मकको रूपमा प्रस्तुत हुने स्वरूप हो। मूल ग्रन्थमा गाँसिएका संस्कृत साहित्यका भूमिकाका स्वरूप संरचनाका उदाहरणहरु यसप्रकार छन् -

"नाना सरस्वती देवीं सुद्रां गुर्व्वा करीम्यहम्।
पाणिनीय प्रवेशाय लघुसिद्धान्त कौमुदीम्।"

यी वरदराज रचित लघुसिद्धान्तकौमुदिको मंगलाचरण हो। यसमा ग्रन्थकारले ग्रन्थका विषयको सङ्केतका साथै मंगलाचरण गरेका छन्। ग्रन्थका विषयको निर्देशनबाट उक्त मंगलाचरणमा भूमिकाको स्वरूप र संरचना पनि देखाइएकी छ।

नेपाली विद्वान् अमर सिंहले तयार गरेको "अमरकोश" नाम गरेको संस्कृत शब्दकोश "Dictionary" मा मंगलाचरणका साथ साथ्का तल उद्धृत चार श्लोकले उदाहरणीय भूमिकाको काम गरेका छन्।

समाहृत्याक्षतत्वार्थं संक्षिप्तैः प्रौढसंज्ञकैः ।
सम्पूर्णबुध्यते वर्णैर्नामलिङ्गानुशासनम् ॥२॥
यावतीरिरूपभेदेन साहचर्याच्च कृत्स्निता ।
स्त्रीपुंनपुंसक और्व तद्विशेषविधेः स्थितिः ॥३॥
भेदाक्षराणाम न ह्यन्ते पैकशेषो न सङ्करः ।
कृतोऽत्र भिन्नलिङ्गानामनुक्तानां क्रमादृते ॥४॥
विशेष्यस्यां विशेषितवं मिथुने तु द्वयोरिति ।
सिद्धिर्भवित्रं शेषार्थं लक्षणादिति न पूर्वभाक् ॥५॥

उक्त श्लोकद्वयबाट ग्रन्थको विषय बोध गर्ने तरिका अवगत गराइएको छ। त्यसबाट अमर सिंहले के विषयको कसरी बुझन् पर्ने, कस्तो ग्रन्थ किन तयार गरिएको छ, लक्षणी समेत पूर्ण सङ्केत गरेर स्पष्टरूपमा भूमिका दर्शाएका छन्। यी भूमिका अत्यन्त महत्वपूर्ण देखिन्छ।

भूमिकाको यस्तै पृष्ठभूमिअनुरूप रामचरितमानसका प्रणेता तुलसी दासले पनि आफ्नो कृतिको सङ्गलाचरणको क्रममा प्रस्तुत तलको श्लोकबाट भूमिकाको स्वरूप र संरचना दर्शाएका छन्।

यथा-
नाना पुराणनिगमागमसम्मतं यद्
रामायणे निगदितं क्वचिदन्यतोऽपि
स्वान्तः सुखाय तुलसी रघुनाथगाथा
भाषानिबन्धमतिमञ्जुलमातनोति ॥७॥

उक्त सातौं श्लोकमा कविवर तुलसीदासले आफ्नासम्प्रेषका लागि श्रुतिस्मृति, पुराण, रामायण र अरू विभिन्न ठाउँमा भनिएका कुराहरूलाई मीठोसरी सरल लोकभाषामा दोहा/चौपाइ आदि छन्दमा संरचना गरेर विस्तार गरिएको कुरा उल्लेख गरेका छन्। यसबाट रामचरितमानसको मूलभूत गुणलाई पनि निर्देश गरेर उपयुक्त भूमिकाको नमुना प्रस्तुत गरिएको छ।

यस्ता लंबी दृष्टान्तबाट संस्कृतका ग्रन्थारम्भमा प्रस्तुत भूमिकाको संरचना प्रारम्भ, विकास र उपसंहारका तीन श्रेणीमा विभाजित भएर व्यवस्थित भएको देखिन्छ। यसरी संरचनामा सङ्क्षेपीकरण, सारगर्भितता र कृति कृतिकार दुवैको गुणात्मक अभिव्यञ्जन समेत पाइन्छ।

संस्कृत साहित्यका कृतिमा जस्तै अंग्रेजी साहित्यका साधकालीन साहित्यिक र साहित्येतर कृतिहरूमा पनि मूल विषयवस्तु भूमिका प्रस्तुत भएको पाइन्छ। खास गरी ग्रन्थको पृष्ठभन्दा अगाडि लेखिएका कृतिमा यस्तो भूमिका समावेश भएको देखिन्छ।

२. नेपाली भूमिकाको स्वरूप र संरचना:

नेपाली साहित्यका कृतिहरूमा निहित भूमिकाको स्वरूप र संरचना स्वतन्त्र र विविधतापूर्ण देखिन्छ। कतिपय नेपाली लेखिहरूले आफ्नो रुचि र आवश्यकतानुसार आफ्नो कृतिको विषयवस्तुलाई प्रायशित गै मुख्यात्मक रूपमा प्रस्तुत गरेर भूमिकाको स्वरूप दर्शाएका छन्। यस्ता कृतिगत मूल विषयवस्तु गाँसिएका भूमिकाहरू कृतिका विभिन्न अन्तर्धारामा छरिएका पाइन्छन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य महाकाव्यमा यसको नमुना यसप्रकार देखिन्छ। जस्तै :-

मीठो लाग्छ मलाई ता त्यि अथा प्राचीन संसारको
झल्को भारतवर्षको उदयको झैं प्रभा तारको।

कृति परिक्रमा

७ अरुण खत्री 'नदी'

प्रश्नको व्यायाभान

वसुधरा-भाल प्रज्ञा प्रतिष्ठानले भरत भारद्वाजको 'प्रश्नको व्यायाभान' लघुकथासङ्ग्रह २०६१ पुसमा प्रकाशित गरेको छ। उक्त सङ्ग्रहभित्र ६१ वटा लघुकथा राखिएका छन्। नेपाली साहित्यमा चालिसको दशकको कविता, कथा, लघुकथा, हास्यव्यङ्ग्यको फाँटमा भरत भारद्वाजको नाम एउटा परिचित र सचिय नाम हो। भरत भारद्वाजका लघुकथाहरू समावेश भएको यो सङ्ग्रह नेपाली साहित्य भण्डारमा प्रथम कृति हो। छोटो, मीठो र गमा व्यङ्ग्य भएका लघुकथाहरू समावेश भएको यो सङ्ग्रह नेपाली साहित्य भण्डारमा प्रथम कृति हो। यो कृति नेपाली साहित्यको भण्डारमा उल्लेखनीय हुनेछ भन्ने अपेक्षा गरिएको छ।

सरल शब्दमा अत्यन्त सूक्ष्म कथ्यमा जीवनका आयामहरूलाई सहजै अभिव्यक्त गरेर पाठकका हृदयमा सहजै अन्य सम्भिदोरहेछ भन्ने लागेर नै भारद्वाज लघुकथामा बढी केन्द्रित हुनुभएको हो। आफ्ना सामा स्थनाहरूलाई छोटैर यस पटक उहाँले छोटा-छोटा यह परेका पाठकको मन चस्म हुने लघुकथासाई नै रोजनुभएकी छ। मानवीय जीवनका घटनाहरूलाई मार्मिक ट्रेस गरिएका छन्। मानवीय जीवनका घटनाहरूलाई मार्मिक ट्रेस गरिएका पाठकलाई ठूलो मानसिक स्ट्रेस पार्ने गरेको लेखकले कतिपये बुझेन। कथाको फूल मालीको फूलभन्दा फलाएक हुन्छ। कथाको संसार गल्लीकुलुङ्गाको संसारभन्दा बढी सौन्दर्यमय हुन्छ।

यस सङ्ग्रहमा समेटिएका लघुकथाहरू नेपाली भाषामा प्रचलित साधारण प्रकारका वर्णन कथाहरू भन्दा भिन्न छन्। मानिस आफ्नो जीवनमा जो आस गर्छ त्यसको पेरणा आफ्नो मनबाट नै पाउँछ। मानसिक पेरणाले गर्दा अकल्पित र अचिन्तित रूप लिन सक्दोरहेछ। यी कुरा उहाँका लघुकथाहरू पढ्दा थाल पाइन्छ। उहाँका छोटा कथाहरूले माटो किसिम र अर्थ बोकेका छन्। एक सफल लघुकथाभा के हुनुपर्छ ती सबैलाई लेखकले रामरी समाउन खोजनुभएको छ। उहाँका लघुकथाहरू पाठकले पढेर बौद्धिकताको सुखास सम्प्रेषण गर्न सफल हुनेछन्। साहित्यप्रेमी पाठकहरूले पढेर बौद्धिकता हासिल गर्न सकून् भन्ने अपेक्षा मैले गरेको छु।

कृति :	प्रश्नको व्यायाभान (लघुकथासङ्ग्रह)
लेखक :	भरत भारद्वाज
मूल्य :	रु५१/- प्रकाशन वर्ष, २०६१
प्रकाशक :	वसुधरा-भाल प्रज्ञा प्रतिष्ठान

अतिकथको पर्खाल (पूर्णाङ्कको नाटक)

२०३२ साल बदी १ गतेको दिन सिन्धुपाल्चोक जिल्लाको बाँसबारी-३, पीपलचौरमा जन्मेका भीमसेन सापकोटाद्वारा लिखित "अतिकथको पर्खाल" नामक पूर्णाङ्की नाटक २०६१ साल पुस महिनामा प्रकाशित भएको छ। यस ऐतिहासिक दशवटा दृश्यहरू समावेश गरिएका छन्। पुरुष पात्रहरूमा रमेश, भास्कर, साने, नगरखेटी बूढा, दुर्जासिंह, साने, रिठ्ठे, धने, बसन्त, हरिजेत, राम, सुरक्षाकर्मीहरू र स्थानीय जनता रहेकाछन्। नारीपात्रमा गमली, उमा, साविती र सानेकी आमा रहेका छन्, आफू जन्मेको घर पनि आफ्नो हुँदा रहेनछ। पछाडि लगाउँदा धेरै आवश्यक कुराहरू पनि मिल पर्न सक्छन्। अब

आधुनिक नेपाली कथाको समसामयिक धारा (२०४० देखि हाल) मा नवयौवनावस्थाबाट युगले सर्जक र प्रतिभाका साथसाथै धुरी नव प्रतिभाहरू पनि देखापरेका छन्। यसक्रममा लघुकथा लेखन, गोष्ठी र लघुकथा सङ्ग्रह सम्पादन प्रकाशन गर्ने क्रम पनि तीव्र भएको पाइन्छ। पत्रपत्रिकाले विशेषाङ्कका रूपमा पनि यसलाई प्रकाशित गर्ने गराउने गरेकाले पनि यसले पाठक, लेखक सबैलाई उत्तिकै आकर्षित गरेको छ। यसैक्रममा सम्पादित लघुकथासङ्ग्रहका नाम यहाँ उल्लेख गरिन्छ।

सम्पादन, सङ्ग्रहको नाम/प्रकाशन मिति

हरिभक्त कटुवाल : बान्की (२०२८)

राजेन्द्र सलभ : दुबो (२०३९)

राजेन्द्र सलभ : नागबेली (२०३४)

राजेन्द्र सलभ : नवरत्न (२०३५)

गोविन्द गिरी प्रेरणा : लघुकथा पत्रिका (२०४३/४४)

किशोर पहाडी/अशेष मल्ल : सौरभ (२०३४)

वासु मार्भिक : अभिवादन (२०५८)

कृष्णप्रसाद दाहाल : सुनसरी (२०५२)

कृष्ण शाह 'खारी' : ज्योतिपुञ्ज (२०५१)

विनय कसजू/विजय सागर : चौतारी (२०३४) (पहिलो हवाइपत्रिका)

अशेष मल्ल/किशोर पहाडी : अध्याय (२०४७)

श्रीओम श्रेष्ठ 'रोदन' : शुभारम्भ (२०५४)

सन्तयन (२०५५)

गोरखबहादुर सिंह : पहिरो बुझिएको बगर (२०५५)

आदिको बाहेक विभिन्न पत्रपत्रिकाले पनि लघुकथा विशेषाङ्क प्रकाशित गरेको पाइन्छ। त्यसमध्ये अभिव्यक्ति - २०५१, दायित्व - २०५४ मधुपर्क - २०५६ आदि मुख्य छन्।

लघुकथालाई व्यवस्थित रूपमा अगाडि बढाउने विभिन्न गोष्ठी, प्रतियोगिता पनि बेलाबेलामा हुने गरेका छन्।

लघुकथा प्रतियोगिता /गोष्ठी :

लघुकथा विधालाई सशक्त सङ्गठन विभिन्न पत्रपत्रिका, निकाय पनि साझिक रूपमा आगिपरेका छन्। इन्टरनेटका वेवसाइटमा माथ नभएर विभिन्न कुनाकाप्चामा यसको प्रभाव बढ्दो पाइन्छ नै। केही समयअगाडि पेन नेपालद्वारा आयोजित लघुकथा वाचन र द रेयुकाई नेपाल पाटन शाखाद्वारा प्रतियोगिता यसको प्रचारप्रसार, महत्व आदि माथिको सुचक र स्थापक प्रचारप्रसार हो भने गोष्ठी नेपालद्वारा काठमाडौंमा गरिएको गोष्ठी र २०५३ मा मापाको धुन्चेबारीमा भएको अर्को गोष्ठी भनै महत्वपूर्ण फड्को हो। लघुकथा क्षेत्रको सर्वाङ्गिण विकास, प्रचार प्रसारको क्षेत्रमा। त्यसैले समय समयमा यस्ता गोष्ठी, प्रतियोगिता हुनु आवश्यक छ भने यसलाई विनम कसजूले इन्टरनेट वेभसाइटमा (www.thopathopa.com) प्रस्तुत गरेर उत्तरआधुनिक ढोकाबाट सर्वैलाई लघुकथाको क्षेत्रमा भर्खर गराउनुभएको छ।

त्यसैले समग्रमा भन्नुपर्दा लघुकथाले हालसम्म लामै फड्को मार्न सफल भैसकेको छ र पनि स्पष्ट विधागत मान्यता पाउन सकेको छैन। लघुकथालाई आख्यान अन्तर्गतबाटै एउटा कथाजस्तै सम्बन्धान्तर विधा भन्न सकिन्छ नै। आख्यान अन्तर्गत यस विधाको पनि समृद्धशाली परम्परा रहेको छ।

सन्दर्भग्रन्थ

कृष्णविलास पौड्याल : नेपाली साहित्यको ऐतिहासिक परिचय, नवीन प्रकाशन, काठमाडौं २०५८।

मधुपर्क साप्तिक २०५६ भाद्र

गुञ्जन साप्तिक, नागार्जुन पाक्षिक २०५८।

समकालीन साहित्य तथा विशेषाङ्क (१) २०५८

मोहनराज शर्मा, बलाराम खेत्र, नेपाली साहित्यको विकासक्रम, काठमाडौं २०४८।

गोरखापत्र शनिवारीय, क्रान्तिपुर कोसेली लगायत अन्य आवश्यक सन्दर्भ सोतहरू।

३८ ३८ ३८

उक्त श्लोकामा शाकुन्तलको विषय वस्तुको थोत र महाकवि कालिदासे रुचि सोधनाई सङ्केत गरेको देखिन्छ। यस क्रममा तलको श्लोकलाई पनि लगाई सार्न सकिन्छ:

अनघता पङ्कज हाजेर उड्ने भावेर तिरिकई
स्मितता कमै नचाएर अरु रङ्ग चर्या गई।

यसमा देवकोटाको कल्पनाको स्वरूप र शब्दको प्रयोग शाकुन्तल महाकाव्यमा विशेषरूपमा सङ्केत गरिएको देखिन्छ।

अर्को उदाहरण यसप्रकार छ :-

जीत हार खुसी आँसु सबै मै बाहाकहाँ।
सबमा सबकोहाए भौं हुम्रो हृदयको स्थिति।

यसले देवकोटाको आध्यात्मवृत्तिलाई सङ्केत गरेको स्पष्ट हुन्छ।

महाकवि देवकोटाले शाकुन्तल महाकाव्यमा आफैले भूमिका लेखेर भूमिकाको उत्कृष्ट उदाहरण प्रस्तुत गरेका छन्। उक्त भूमिकामा शाकुन्तल महाकाव्य किन कसरी लेखियो, महाकाव्यको सार कस्तो छ, त्यसका पात्रहरूको रुचि र योग्यता कस्तो हुनुपर्दछ, महाकाव्यको मूल्याङ्कनको सम्भावना के कस्तो छ सबै यसलाई खोल्नुएका छन्। भूमिकामा नै सैद्धान्तिक एवं व्यावहारिक पक्षलाई क्रमेत दिग्दर्शन गरेर उपयुक्त भूमिकाको दृष्टान्त प्रस्तुत गरेका छन्।

यसै सन्दर्भमा चक्रपाणि चालिसेले "साहित्यभारत" मा प्रस्तुत महाकाव्यारम्भलाई पनि लगाई सार्न सकिन्छ। जस्तै:

श्रीमान् मै विरञ्चासम्म रहने इच्छा भए निरन्तर।
राजन्! बन्धुविरोध छोड रमना देखिन्छ भारी भय।
वेऊ अरा यथार्थ शब्दुसुताको होला सबैको हित।
यो शिक्षा कुलरामना विनुहुने श्रीकृष्णका हुँ त।

उक्त महाकाव्यारम्भले राम्ब अन्तरगतको विषय र मूलवीजलाई औल्याउँदै समग्रमा समाप्तालको उपाय पनि इंगित उपदेशका आधारमा पनि निर्धारण गरेको पाइन्छ। यो पनि भूमिकाकै उदाहरण हो। त्यसै गरी कवि शिरोमणि लेखनाथले ऋतुविचारको यसलाई वर्णनका अन्तर्यामा आफ्नो काव्यप्रवृत्तिको वर्णन गरेर कृतिगत भूमिकाको उदाहरण दर्शाएका छन्। जस्तै:

बहुत कम बुताले काव्यको महत्तिभाव
अतिशयोक्ति मार्फत्ने भो यो बताना प्रयास
भनिकन पहिले नै केही सङ्कोचसहित
बुझनालागेर किन्नी गर्छ यो लेखनाथ।

यसरी नेपाली कृतिहरूमा भूमिकाका विभिन्न स्वरूपहरू पाइन्छन्, जसबाट कृतिकारका कृतिगत विषयमा गाँभिएका भूमिकाको स्वरूप स्पष्ट हुन्छ।

८. भूमिकाको तत्त्व वा अङ्गहरू:

समर्थ र निपुण भूमिकाकारले प्रमुख रूपमा भूमिका भित्र दी कुराहरूलाई समावेश गरेको पाइन्छ। जस्तै :-

१. कृतिकार २. कृति
३. कृतिगत विषय ४. कृति अध्ययनको फल
५. कृतिकारप्रति शुभेच्छा

कृतिकार वा लेखक भूमिकाको प्रारम्भमा नै आउने कुरा हो। यसमा कृतिकारको जीवनी, परिचय, दैन र प्रवृत्तिलाई सङ्क्षेपमा औल्याउने प्रयत्न गरेको देखिन्छ। बाल्यकाल कृतिकारका पारिवारिक पृष्ठभूमि, व्यक्तित्व, शिक्षादीक्षा, अनुभव, सामाजिकता आदिका आपेक्षतामा उनका सशक्तता र संरचनात्मक पक्षलाई भूमिका लेखकले अगाडि सारेको हुन्छ।

कृति वा ग्रन्थसँग सम्बन्धित भूमिकाको दोस्रो चरणमा आउने गर्दछन्। यसमा कृतिको प्रकाशन, लेखन र कालखण्ड बारेमा उल्लेख गरिएको पाइन्छ। यस क्रममा लेखकका अन्य कृतिहरूको पनि सङ्केत हुन सक्दछ र कृतिगत स्वरूपको सीमित चर्चा हुनुपर्ने देखिन्छ।

भूमिकाको तेस्रो महत्त्वपूर्ण तात्त्विक कुरा हो - कृतिगत विषयवस्तु। यसलाई भूमिकाको मूलतत्त्व मानिएको पाइन्छ। कृतिका विषयवस्तुको प्रकृतिअनुरूप स्वरूप सैद्धान्तिक र व्यावहारिक पक्षलाई दिशानिर्देश भूमिकाकारले यथास्थानमा मूल्याङ्कन, तुलना र आधारभूत कुराको वर्गीकरणसमेत गरिएको देखिन्छ।

स्वयम् लेखक नै भूमिकाकार भएर देखापरेको खण्डमा पनि विषयगत कुराहरू सङ्क्षेपमा विशेष्य भएर देखापरेका हुन्छन्। कृतिका मूल विषयमा भएका कुराहरूलाई सम्पादन गर्ने विषयवस्तुको सीमाङ्कित र प्रभावको उल्लेख गर्ने जस्ता कुराहरू यसमा पर्दछन्।

कृति अध्ययनको फल भूमिकाको चौथो चरण हो। यसै पनि कृतिको अध्ययन गरेर प्राप्त हुने ज्ञान, सन्देश, सावधानी आदिलाई कृति वा ग्रन्थाध्ययनको फल मान्न सकिन्छ। सामान्यतया कृति अध्ययनबाट प्राप्त हुने ज्ञानात्मक, भूचनात्मक, मनोरञ्जनात्मक जस्ता साझलाई पनि यसमा सङ्केत गरिएको पाइन्छ। त्यसैले कृति अध्ययनको फल पाठकको बौद्धिक विकास र परिष्कारको साधन पनि हो। चेतनाको अभिवृद्धि गर्ने ऐतिहासिक र सामाजिक गतिविधिको बोध गराउने र विषैकशक्ति बढाउने कुराहरूलाई पनि यसमा समावेश गर्ने चेष्टा भएको पाइन्छ।

यस चरणमा आएर भूमिकाकारको उद्देश्य, सटासपटा तथा प्रेरणात्मक भावनासमेत सङ्केत भएको पाइन्छ ।

९. अनुबन्ध:

अनुबन्ध पनि भूमिकाको आवश्यक आधारभूत अङ्ग भएकी देखिन्छ । अनुबन्ध भनेकी छोरएका विषयवस्तुलाई व्यवस्थित ढङ्गले बाध्ने बन्धन वा शृङ्खला हो । यस अन्तरगत चार कुराहरू पर्दछन् । ती हुन् -

१. विषय	२. सम्बन्ध
३. प्रयोजन	४. अधिकारी

भूमिकाका सन्दर्भमा विषय भनेको प्रतिपादित उपशीर्षकको तात्त्विक कुरा हो । कृतिगत विषयको खोज दे ही, यसको स्वरूप र सीमा के कस्तो छ, यसलाई विषयमा सीमाङ्कएको पाइन्छ अर्थात् कृतिमा निहित विषयलाई भूमिकाका मै-जस्तो परिचय दिइएको हुन्छ, त्यही नै विषय हो ।

अनुबन्धको दोस्रो तत्त्व सम्बन्ध हो । विषयवस्तुको प्रकृति र प्रतिपादनमा के कस्तो सम्बन्ध छ त्यसको विश्लेषण सम्बन्धका माध्यमबाट गरिएको हुन्छ । कृतिगत सामग्री विषय हो भने त्यसको उपभोग गर्ने पाठक विषयी हो । विषय र विषयीका बीचको सम्बन्ध सौन्दर्यबोधद्वारा भावना निर्धारित हुन्छ । यसरी कृतिमा निहित विषय र पाठक बीचको सम्बन्धलाई यस क्रममा सङ्केत गरिएको पाइन्छ । यस प्रकार प्रकारान्तरबाट विषय र पाठकका बीचको सम्बन्धलाई भूमिका अन्तरगत सङ्केत गरिने हुनाले यसलाई भूमिकाकै तात्त्विक अङ्ग मानिएको हो ।

प्रयोजन भूमिकामा निहित महत्त्वपूर्ण मुद्दा हो । यी अनुबन्धको तेस्रो तत्त्व हो । प्रयोजन भनेको उद्देश्य, लक्ष्य, अभिप्राय वा ध्येय आदि हो । भूमिका लेखाउने र आफै भूमिका लेखी ग्रन्थ प्रतिष्ठा र गौरव एवम् परिचयका लागि हुनसक्छ । यस्ता खालका प्रयोजन अन्तरगत पर्दछन् । मुख्यत: भूमिकामा वर्णार्थ र आदर्शका लागि वा स्वाभाविक सुख-सन्तोषका लागि कृतिकारले तयार गरेको कृतिगत प्रयोजनलाई सङ्केत गरेर भूमिका लेखकले मनको औचित्य सङ्केत गरको पाइन्छ ।

अनुबन्धको चौथो तत्त्व अधिकारी हो । अधिकारी भनेको पाठक, श्रोतावर्ग वा ग्रन्थेता हो । अधिकारीको पनि निश्चित तह र सामर्थ्य हुन्छ । कृतिगत विषयको स्तर र सारथना अनुरूप के-कस्ता अधिकारीको अपेक्षा हुन्छ, त्यसको निर्देशन यसक्रममा गरिएको पाइन्छ । यसरी अनुबन्धका आधारभूत चार कुराहरू भूमिकाका सैद्धान्तिक पक्ष भएर अभिहित भएका देखिन्छन् ।

१०. अन्य कुराहरू:

भूमिकासँग सम्बन्धित अन्य कुराहरूमा प्रकाशकीय पनि पर्दछ । प्रकाशकीयमा पनि मैलिक र कृतिका प्रवाहकहरू आएका हुन्छन् । त्यसैले यसमा भूमिकासँग सम्बन्ध गर्नुपर्छ ।

अन्य कुरामा गतीका अन्तरवाहक पृष्ठमा उद्धृत सम्बद्ध अंशलाई लिन सकिन्छ । यस्तो उद्धृत अंशमा पनि कृति र कृतिकारको परिचयलाई औल्याएको हुन्छ । त्यसैले यो भूमिका सम्बद्ध अंश मानिएको हो । मैलिक र कृतिका सम्बन्धमा अवान्तर पुस्तक र पत्रपत्रिकामा छापिएका कुराहरूलाई अन्तिम पृष्ठका भित्र-बाहिर अथवा मुखपृष्ठका भित्री भागमा उद्धृत गरेर लेखकले आफ्नो आफ्नो कृतिको प्रतिष्ठा बढाउने चेष्टा गरेको पाइन्छ । यस्ता सबै एक वा अनेक हुन्छन् र विभिन्न स्रोतबाट लिइएका हुन्छन् । उद्धृत अंशका पृष्ठभागमा मैलिक वा विशेषक र सामग्रीको स्रोत पनि जसै तिथिमितिसहित, कतै तिथि मिति बिहीन रूपमा पाइन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने भूमिका गम्भीर विषाल ग्रन्थरूपी सरोवरमा अध्ययनकीडा गर्नका लागि प्रवेश गर्ने घाट वा सिढी हो । त्यसमा पुरिपढिएको कृति वा ग्रन्थरूपी सरोवरको गम्भीरता र विशालताको झल्काउन घाटा पाउन सकिन्छ । भूमिका ग्रन्थ र ग्रन्थ अन्तरगतको विषयमा वस्तुगत वा भावगत अध्ययनको चाखो लिइएको विशिष्ट प्रकारकी शैली र अन्तर्लिता सारपूर्ण अभिव्यक्ति पनि हो । यसमा भूमिकाकारको योग्यता, रुचि र निपुणताको पनि प्रतिविम्बन हुन्छ ।

सन्दर्भ ग्रन्थसूची

१. बसतीश्वरकृत "अमरकोश" ने.रा.प्र.प्र. २०८९
२. अचार्य दुर्गाप्रसाद "साङ्गुपत महाकाव्यमा निहित कवि मनोवृत्ति र आज प्रवृत्तिको परिप्रेक्ष्यमा अध्ययन" डाक्टरेट अभ्युपगम २०६३
३. आप्टे बामन शिवकुमार "संस्कृत हिन्दीकोश" मोतीलाल बारानसी, सन् १९९९
४. ए त्रिपाठी "थिक एडिटर" एडभान्सेड अर्गनस डिक्सनरी न्यू एजिलन, सन् १९८९
५. चालिसे भक्तबहादुर "कविन्द्र भारत" साझा प्रकाशन,२०२०
६. तुलसीदासकृत "रामचरितमानस" गीता प्रेस गोरखपुर, २०४०
७. दीक्षित नरेन्द्रमणि "अहोरात्री नेपाली साझा कविता शब्दकोश" साझा प्रकाशन, २०४८
८. देवकोटा लक्ष्मीप्रसाद "साकुन्तल" साझा प्रकाशन, २०३८
९. पाण्डेय परशुराम "संस्कृत नेपाली वृहत् शब्दकोश" सं. सं वि.सं. २०४२
१०. बरदराजकृत "लघुसिद्धान्तकौमुदी" गीता प्रेस २०४२।

× × ×

देखापरेका छाङ्मणको सं.२०४२ मा 'एकतीस जना' सङ्गृहीत लघुकथाहरूको प्रकाशन भएको छ । वि.सं. २००५ देखि नै लघुकथा विधामार्फत् जयनारायण गिरीले कलम चलाएको पाइन्छ । वि.सं.२००८ मा उनको 'कसिङ्गर' लघुकथासङ्ग्रह प्रकाशित भएको छ तर यो कथा नै हो लघुकथा होइन भन्ने धारणा विद्य रेम्मीको छ । उहाँ कसिङ्गरलाई नेपाली लघुकथाको प्रयोगवादी सङ्ग्रहका रूपमा भने स्वीकर्नुहुन्छ । नेपाल र नेपाली भाषामा सबैभन्दा धेरै लघुकथा लेख्ने दुर्लभलाल सिंह तथा डा. जयनारायण गिरीजस्ता लघुकथाका बाटो बनाउनेहरू विधाकी द्वारण ओर्केलमा परेका छन् ।[१५]

उदय (२००६) मा छोटाकथाका रूपमा फणीन्दु, नरेन्द्रविक्रम पन्त र बलमालीका तीन वटा कथा प्रकाशित छन् । प्रतिभा (२००७) मा फणिन्द्र खैतालाका 'रण्डी' वा 'चण्डी', रत्नमणि नेपालको 'विवाह' आदि लघुकथा प्रारम्भका प्रकाशित लघुकथा हुन् । तर नेपाली लघुकथाको पहिलो मौलिक रूप 'सौकिक न्याय मणिमाला' नाई बिनुपर्ने द्वारण घटराज भट्टराईको पाइन्छ । 'लघुकथाको सरुवात् नै नभएको बेला सामाजिक विषय अंगालेर त्यसमा पनि लोकोक्तिलाई आधार बनाएर कृष्णचन्द्र अर्यालले लघुकथाहरू लेखे ।'[१६]

आधुनिक नेपाली कथाको नवचेतनाधारी युग (०२०-०३९) सम्ममा लघुकथाको निकै उन्नत रूप रहेको हामी पाउंछौं । यस कालका कथाशिल्पीहरूमा विशम्भर प्याकुरेल, जगदीश नेपाली, अनिता तुलाधर, ध्रुव मल्लिकर्मी, लव गार्उले, किशोर पहाडी, दुर्लभलाल सिंह, विनय ऋसजु, रमेश नेपाली छन् ।[१७] त्यसपछि विभिन्न लघुकथाकारहरूका धुरै लघुकथाहरू प्रकाशित भैसकेका छन् ।

लघुकथाकार र एकाधिक कृति/मिति

विश्वम्भर प्याकुरेल : इन्देणी गुम्बाजस्तो (२०२९)
जगदीश नेपाली : केही लघुकथाहरू (२०३९)
अनिता तुलाधर : फूलू (२०३४)
ध्रुव मल्लिकर्मी : लघु (२०३५)
ध्रुव मल्लिकर्मी : धुवु कहीं छैन (२०५१)
लव गार्उले : गार्उलेका मासिना कथाहरू (२०३७)
किशोर पहाडी : किम्वदन्ती (२०५३)
रमेश नेपाली : पाटीकी बौलाही (२०३२)
मागीरथी श्रेष्ठ : रहीन पोखरी (२०५०)
इन्दिरा प्रसाई : बयान (२०५५)
अमीरदेव भट्टराई : हस्ताक्षर (२०४७)
रबीन्द्र समीर : तेस्रो आँखा (२०५३)
बासु मार्मिक : छेस्काढेस्की (२०५३)
कृष्ण शाह 'यायी' : सूक्ष्मशीर्षाहरू (२०५६)
बालमुकुन्द खनाल : बाध्यता (२०५०)
सुमन सीरभ : आधुनिक लघुकथाहरू (२०५१)
विनय ऋसजु : निर्मल (२०५३)
बलदेव सजगैया : सहयात्री (२०५३)
विष्णु राई : परपर (२०५५)
रामविक्रम थापा : पात्रहरू (२०५५)
सगेन्द्रराज शर्मा : एकान्तका आफन्तहरू (२०५५)
हरिगोविन्द लुइँटेल : समय र बलमारा म्यार (२०५५)
धर्ती पालिखे : मनस्थिति (२०५९)
रामप्रसाद पन्त : बजोदरी योजना (२०५६) आदि

१५. श्रीओम श्रेष्ठ, पूर्ववत्, पृ ११०।
१७. राहुराज भट्टराई, नेपाली लघुकथाको मौलिक रूप सौकिक न्याय मणिमाला लघुपत्र ०५६ भाद्र पृ. ४।
१८. डा. दमाराम श्रेष्ठ 'सम्भव' पूर्ववत् पृ.१३।

लघुकथा राज्यबन्धमा मत/अभिमत :

लघुकथाको आधार स्पष्ट नभएकै कारण यसैले यसलाई यामी कथाको छोटोरूप भनेका छन् भने कसैले चुट्किला कथा भनेका छन् । यसले नैपालीमात्र नभएर विश्वसाहित्यमा पनि छुट्टै मान्यता (विधागत) प्राप्त गरेको छैन । त्यसैले यस सम्बन्धमा धेरै विद्वान् साहित्यकारहरूका पृथक् पृथक् धारणा पाइन्छ । यसबारे 'गुञ्जन मासिक' मा प्रस्तुत विभिन्न विचारलाई यहां प्रस्तुत गरिन्छ ।

'लघुकथा छोटो समयमा कुनै समस्यालाई चुटुक्क पारेर कलात्मक र रोचक ढङ्गले गरमा प्रस्तुत गर्ने कला हो । नेपालको सन्दर्भमा हेर्ने हो भने लोकजीवनमा पाइने गाउँखाने कथा र उखान प्रारम्भिक रूप हुन सक्छन् ।'

- घटराज भट्टराई

'कुनै पनि सामान्य घटना वा मन छुने घटनालाई एउटा मौलिक वा नयां दृष्टिकोण दिएर पाठकलाई त्यासमा बिझने, सोच्न बाध्य तुल्याउने वा नयां विचार दिनेगरी लेखने वा सुनाउने विधालाई लघुकथा भनिन्छ ।'

- विनयकुमार कसजु

'लघुकथा कथाको सांघो रूप हो । यो कुनै कथाको सारांशरूप चाहिं होइन । यो आफैमा कथा हो - तर लघु । एउटा लामो कथालाई सारांश रूप दिई आधा पृष्ठको पारेर कदापि लघुकथा हुँदैन । आफ्नै प्रकारका नियममा बाँधिएर लघुकथा सृजित भएको हुन्छ ।'

-शिशोर भट्टाकी

'लघुकथा भनेको धेरै शब्दहरूमा धेरै कुराहरू अभिव्यक्त गर्न सकिने विधा हो ।'

- शुन्दरा प्रसाई

'संक्षिप्त, सरल, सशक्तिपूर्ण, प्रहारक एवं सम्प्रेषण कथात्मक अभिव्यक्ति नै लघुकथा हो । महाकाव्य, खण्ड उपन्यास आदिको लेखन पनि साहित्य हो, लघुकथा लेखन पनि साहित्य हो ।'

- रवीन्द्र समीर

'शाब्दिक अर्थमा कथातत्वले पूर्ण नएका स-साना वा छोटा कथालाई लघुकथा मानिन्छ तर सबै छोटा कथालाई लघुकथा भन्न सकिदैन । साहित्यमा लघुकथाको आफ्नै मौलिक, संरचना, शैली, विशेषता, महत्व र स्थान छ ।'

-कृष्ण शाह 'यात्री'

'लघुकथामा संवेदनाका स्वरूप नयां र तीव्र हुनुपर्दछ । लघुकथाको लेखन परम्परा, अलका र अवस्तुताजस्तो छोरा आन्दोलन होइन । विवस्तुता, विपात्रता, आख्यानात्मकताका गतिहीनतामा पाखिने अजिङर होइन लघुकथा, यो सुन्दर र फूर्तिलो मृग गतिमा दौडिने तत्व हो ।'

- राजेन्द्र सुवेदी'

'धेरै समयमा धेरै शब्द पढेर धेरै शब्दको स्वाद लिन सक्ने विधा हो - लघुकथा ।'

- श्रीओम श्रेष्ठ 'रोदन'[9]

'लघुकथा कुशल फोटोग्राफरले खिचेको विशाल र सुन्दर दृश्यको सानो फोटो हो ।'

- श्रीओम श्रेष्ठ 'रोदन'[10]

---

९. श्रीओम श्रेष्ठ 'रोदन', पूर्ववत् ।
१०. पूर्ववत् ।
११. पूर्ववत् ।

समीक्षा

आफ्नै कृति आफ्नै समीक्षा

- भरतराज पन्त

अखिलेसम्म बाईसओटा कृतिहरू पढाएनमा आइसकेका छन् तीमध्ये सर्वोत्कृष्ट कृति हो- दीपोन्मान महाकाव्य । वि. सं. २०१७ आषाढ मसान्तदेखि आरम्भ गरेर वि. सं. २०३८ आषाढ मसान्तसम्म दुइ लगाइएको उक्त महाकाव्यको सामयिक अन्तरालमा सारै कडा अधिभाषकल्पीसत सङ्घर्ष समुपस्थित पनि त्यसो भएको हो । त्यसमा जम्मा एक्काइस सर्गको विभाजन गर्या पूर्वज कवि बालकृष्ण समको जस्तै संरचनात्मक परिपाटी पनि अपनाइएको छ । छन्द सर्वे शास्त्रीय मात्र अंशतिएका छन् । त्यसका साथि संस्कृतका काव्यहरूको निरन्तर रटाइ पै अरस्य भनेका छन् । भौतिक प्रपञ्चको चित्रणमा आधारित भए पनि अन्तिमा चाहिं आध्यात्मिकको जस्तो सामने भावनात्मक आदर्श पनि हो, अगतात्मक अनुभूति पै शाश्वत् सत्य हो । कविता एवं काव्यात्मक विधाबाई अनुपादक प्रधान मानु चिन्तन पनि आउन थालेको छ त्यो पनि अरुत भौतिकवादी विचारको उपज हो ।

संस्कृतमा जातकीयौंदेख महाकाव्य निर्माण गर्ने भूपृतिपत्त पन्त पुर्खा हुन् । नेपालीमा श्री हरिभक्त कर्वेल छन्द रचना गर्ने सक्नीदारा पन्त 'छन्द' साक्षी थाने हुन् अनि सम्भुप्रसाद ढुङ्गेलका साथी भएर कविता भेकटा ऐतिहासिक सौन्दर्यको घटनाले सर्सैर कविताधाराबाट सन्यास लागि अन्यास लिने भनिएका पन्त निजासी पै हुन् । यो सबैले साङ्गोपाङ्ग उल्लेख दीपान महाकालापिंच परेका छन् । तिनु अवश्याका पै मातृवियोग, पतिव्रता सरस्वत, तत्कालीन भूपम्मको फलक, चार वहीदहरूको सम्कना निधन विदीओ चाकिा, निष्ठा, असामयिक निधन, पितृवियोग, शोकसातक, जवानी, संघर्ष र जागरण दीपान्तीपरक पूर्वांशका विषय हुन् भने उत्तरार्धचाहिं चाहीँसंगवाट थालिन्छ । स्मरण शक्तिको क्षति र स्वतन्त्रताताई राजु र आँसी तुल्याएर विवरण दिंदा तत्कालीन समाजताई बाझकाको रूपमा देखाइएको छ । संस्कृति अर्थात् नेपालको ऐतिहासिक, सास्कृतिक, भाषिक, सांस्कृतिक विकासको विवरण देखाई अधिहृदय आत्मनामा पस्तुत पुग्छ भौतीसांगमा । पन्त बन्धनामस्मा सातासाथले स्थापको अन्तरवस्तुको विद्युति चित्रण गर्ने सर्वोमा विद्वत्तमा थाए निजासिन्छ । सर्वोमा मन्दाकान्ता सर्गेर विवरतता गडाएिन्छ । अठारौंमा नेपालभाषा शिखरिणी पाराम्मा कविको आन्तरिक चित्रणमै तरुन्तपत्नी पनि विश्रिप्तपत्नी बन्न पुग्छ । उन्नाइसौं शार्दूलविक्रीडित अगेर कथाभेकको वर्णन जनक्रान्तिताई पनि बाँडिएका जुधाइसित तालमेल मिलेको देख्न पुग्छ । बीसौं त्रिष्टुभ छन्दमा प्रकृतिप्रभी कविताई मैलाइरूको उच्चाङ्कन गुम्बाशीरेखे स्वतन्त्रताको आवाजसंगेत अगाडि आएको अवस्था खडा गर्छ र अन्तिम एक्काइसौं सगरामा पुरेर काव्यको तीरेवर्दिदे सन्धायी स्वतन्त्रता जगिको अवस्था मात्र रहेको निष्कर्ष प्रतिपादन गरेर विसाउनीमा पुग्दछ ।

जगत् गतिशील हुन्छ , संसार परिवर्तनशील छ, यति हुंदाहुँदै पनि हामीले चैतनशील भएर शाश्वत् मानवाई पहिचान्नाउन सक्नौं भने हामीले पोछिका समय र थमको अनावी गरेर पाएको रौशिक संस्कार सम्पत्ति विनर्भिक बन्न पुग्छ । उक्त महाकाव्यमा विषयवस्तुको छपोट गरिएकाले तात्पर्य के हो भने गुणस्तर सम्पन्न शिक्षाको अभावले उक्त काव्यको चिरो मर्म खोतल्नीर नसारेर आफ्नै जीवनको पाया गाएको आरोप पनि कति अतीवाट मुक्तिन पनि थाग्यो । त्यसो त यस तथ्यसीमा सेखनाथले चिच्ची चुनौतीमा बालकृष्ण समले सुनीचेनाथा महाकवि देवकोटाले समेत आफैका एवं अप्रत्यक्ष रूपमा भए पनि आत्मनाथा नगाएको कहाँ हो र ! त्यही आत्मनाथा पनि साधारणीम हुन सक्छ वा सकीम त्यसतर्फ दृष्टि पुऱ्याउन सकुनु स्वस्थ अभालोचना हुन सक्छ ।

एउटा कुरा सम्भवतः आषाढ-वि.सं. २०३८ तिरै, कथाकार भक्तवी सिंधुकी शोकसभा अनाइएको थियो । त्यहीं बालकृष्ण समअुरोध आफ्नो महाकाव्य तयार भएको त्यसमा अत्यन्त पैडिन अनुरोध गरिरहे । पोछे । महाकाव्य र धुरीवाच सैद्धिसेछ । समको प्रतिवचन दिसकेकी थियो, तर समजीसित भेट भएन, हुँ भएन, एकैचोटी आषाढसम्म महाकवि अनुपस्थी । मनको कुरा मनमै रह्यो । अनि साथीयरे नाताले बालुदेव विधाडीजी अधि सरे, साथी समय सगाएर नामै मन्तव्य छोरे । महाकाव्यसित सम्बद्ध विषयको चर्चा गर्दै गए, पाठकलाई पढ्न पनि तातर बाग्दो थाहो । काव्यको चिरो मर्म बताए हो कता । समजीले सेखनाथको भए मन्तव्यको अनुसार अवश्य सकै हुने थियो मम्मा । त्यहु भन्दा आगो मामा लिंदो भने भारतीय आलाचनाको मन कालयमा संक्रमण छ । काइव वर्ष अधि २०४१ साल्मा प्रका प्रतिष्ठानबाट प्रकाशमा ल्याइएको उक्त महाकाव्य २०६३ सालमा साझा प्रकाशनले पुनः प्रकाशित गरेको छ, उत्साहक आकारमाको ओढ्ने ओढाएर । एक मन्तव्य बनाउन सकेका छन् । आफ्नो कृतिको आफ्नै समीक्षा यहाँ भन्दा कति ?

अन्तमा म मेरा आदरणीय साहुरमी पाठकवृन्दाप्रति विनम्र अनुरोध गर्न चाहन्छु, अलो लेखकभाई आत्मप्रशंसाको नान्छना तमसाइयोस् नेपाली महाकाव्यको ऐतिहासिक परम्परा के अलले आजसम्म कस्ती महाकाव्य लेखेका छन् उनीहरूमाथे यस महाकाव्यले कस्तो स्थान पाउन सक्छ । भन्ने कुरो छातिमा हात राखेर साहृदय सम्वेदनशील बनेर निष्पक्ष मूल्याङ्कनको दिशानिर्देश अवश्य गरिदिनुहोला ।

× × ×

कविता

मेरो कविताको जन्म

डा. मुरारी पराजुली

चौठीमा तेल चोकेर
साँझिकका गीढामा सम्पसार पानीआनेहरू
सधोंदि हातहाको पुच्छर झम्काएर
तिमफा प्रभुहरूको रछ्यानमा घुतुन्ने जोदै
जन्मुलोकका खानमा साढ्ती भरेर
जब बहादुर हुनुको सगौटी खस्दै
हाम्रो इमानको साँझमा
तिनका गृहेखुट्टाले ऋण कुन्थन्छन्
र, न्याय नपाएर पश्चिमाले
चाकरीका बजारमा ठूलाको रुप बिक्रय
साहार हाम्रा परिश्रमकी मरबादीना
मूक
म स्वाभिमानको मसामीबाट फाकिरहेको हुन्छु
बाटामा भेट भइरहन्छ
आफूभरती अधमराहरूको थीडीन जत्था
अनि मेरो कविताको जन्म हुन्छ।

मूल्यहीन मुठ्ठाहरू
साँझिकका पथर चाटेरै चढिरहन्छन्

मगनपुग्नी सफलताहरू
छाँड हालेर प्रभुका जुठेल्लागा
तिमीहरू मै सुख्छन् उत्फुल्टाका पगरीहरू
बिबकहीन विधाता र बुटुवारहरूको अभेद्य बन्धन
मेरी मानवताले जब मालैन
तिनका साँझे पैदामका धर्म
म हरदम नीवसानीले रुमिरहेको हुन्छु
म हरदम अवसरले पाछाडिहरेकी हुन्छु
मेरो प्रत्येक सम्भावनाको तिरोधानमैं

जन्मुलोहरूको शिरमा चाँद पछ्छ
जन्मुलोहरू गालिहरूको फुली परेको आँखाले
हेर्छन् हरेक कुरो
पसैसे देख्छन् सेतालाई खासो र कालालाई सेतो
मेरो आँखे दोषो छ कालालाई सेतो देख्ने
र बेंसारीलाई उज्यालो मान्ने
यही अपराधमा मेरो सर्वनाश सुरू हुन्छ
र, जन्मुलेले दिग्विजय छुन्छ
अनि मेरो कविताको जन्म हुन्छ।

गिलो माटो जस्तै
आकार आकारमा बदलिन तयार
जन्मुलोहरूको जिब्रोमा मिसीको मोहनी हुन्छ
जो प्रभुका खानहरूमा
अनेक माईगाले चर्त्रन गर्छ
र, भत्काइन थाल्छ स्वाभिमानी शिरहरू
एकाएक विस्थापित हुनथ्छन्
सामर्थ्यका चहाडहरू
र, अभिलाषा चाकडीका चुचुराहरू
सिरीहीन शिरमा चढेका ताज
र, मुल्यको आवसामका मुठु फाटेका मानीहरूको
भलिरहन्छ जुलुस एकनास
एउटा साधारण जब
प्रभुका पैतालाको धुली पहिनेर
महानताको उकाली चढेको हुन्छ
परजीवत तातो सुस्केराहरू
अभिशप्त ऐठनले छटपट
अनि मेरो कविताको जन्म हुन्छ।

मुदवस

> आज मै वस्तु हो त्यस्तो वस्त्रहार हटाउँछ
> जसरी वस्त्र को गैलो साखा साथुन गर्दछ।
> तीतो मीठो त्यहै खेर जाँदैन त कुनै पनि
> तीतोपानी तिती हुन्छ मीठोपी हुन्छ नै पनि।
>
> 'तीतामीठा कुरा'बाट

'लघुकथा कथाको सङ्क्षिप्त रूप होइन, यो आफैमा पूर्ण, स्वतन्त्र विधा हो। निश्चित परिवेश, चरित्र र विषयवस्तुमा प्रभावकारी ढङ्गले प्रस्तुत गरिने जादुमय कला हो - लघुकथा। यो छोटो भएर पनि पूर्ण सम्प्रेषणात्मक हुन्छ।"[११] त्यसैले, लघुकथालाई गद्यविधाको महत्वपूर्ण विधाका रूपमा लिन सकिन्छ। आकारमा सीमित भएर पनि प्रस्तुति र अभिव्यक्तिका रूपमा यो सर्वाधिक सस्लिष्टका साथै चौटिलो र छरितो हुने गर्दछ।

लघुकथाको विकास र (सङ्ख्या) प्रकाशन :

विश्व परिवेशमै लघुकथाको विकासक्रम अवलोकन गर्दा स्पष्ट भिति र धारणा पाइन्न। उनीहरूले भन्ने गरेको Short Story नेपाली साहित्यमा भने लघुकथा होइन तर लघुकथालाई Short-Short Story वा Mini Short Story भनेर भन्ने हो भने अमेरिकी विद्वान् रोगर जी.गुबमैनतर्फ एकपटक विचार पुऱ्याउनु नै पर्दछ। उनले '७५ औं लघुरचनाहरू' मा लेखेका छन्। बीसौं शताब्दीको व्यस्तताले लामा उपन्यासहरूलाई लाछ्नुपर्ने पार्न थाल्यो। पढ्ने समय छैन, अतः सङ्क्षेपमा ग्रहण गर' यसले लघुकथा झन् झन् लोकप्रिय भयो। यो चक्रले क्रममा हामीले अतिलघुकथा (Short-Short Story) पत्ता लगायौं। लघुतम, अत्यन्त मानिएको रूपय, पौराणिक नीतिकथा र किस्साभन्दा चुस्त र बिकसित।"[१३]

त्यस्तै, अर्का अमेरिकी विद्वान् डुर्विड हावसे Short-Short Story सम्पादन गरेको लघुतम कथाको सङ्कलन 'An Anthology of the Shortest Stories' मा 'Short-Shorts' नाम दिएका छन्। यनको लघुकथा सम्बन्धमा यस्तो तर्क छ, 'यौटा युरा त स्पष्टै छ, अतिलघुकथा लघुकथाभन्दा आकारमा छोटै हुन्छ। यस्ता लघुकथा जसबाट आँखाको एक झप्काई, यौटा शीघ्र प्रतिक्रियाजस्ता आनन्द अथवा जे पाउँछौ-त्यही नै हुनुपर्दछ।"[१४]


